# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०७९/०८० | १ नं. प्रदेश नेपाल
च.नं. ९६८ | मितिः २०७९/०४/१६

श्री प्रधानाध्यापक ज्यू,
सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

विषय : वि.व्य.स.गठन सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा सम्बन्धी प्रचलित कानुन तथा सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन, २०७५ समेत अनुसार विद्यालय व्यवस्थापन समितिमा छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ (तीन) वर्षको मात्र हुने र सिद्धिचरण नगरपालिकाको शिक्षा नियमावली, २०७५ अनुसार प्रधानाध्यापकले ऐनको दफा २१ को उपदफा (१) को खण्ड (ख) बमोजिमको व्यवस्थापन समितिको सदस्य छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनुभन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउने र विव्यस गठन प्रक्रिया सम्पन्न गराउनुपर्ने व्यवस्था सबै प्रधानाध्यापकज्यूहरुलाई अवगत नै छ ।

पदावधि समाप्त भएको विद्यालय व्यवस्थापन समितिको पुनर्गठनको लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं. २५६, मिति २०७९/०२/०३ को पत्र तथा नगरपालिकाको शिक्षा शाखाले IEMIS पद्धति मार्फत सम्बन्धित विद्यालयहरुलाई यस अघि नै सूचना सम्प्रेषण गरिसकिएको छ । व्यवस्थापन समितिको पदावधि समाप्त भई विव्यस गठन गर्न बाँकी रहेका विद्यालयहरुले शिक्षा शाखासँग समन्वय गरी सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन, २०७५ तथा सिद्धिचरण नगरपालिकाको शिक्षा नियमावली, २०७५ अनुसार अविलम्ब विद्यालय व्यवस्थापन समिति गठन गर्नु गराउनु हुन पुन ताकेता गरिएको छ । यदि कार्यालयबाट गरिएका सूचनालाई वेवास्ता गरी पदावधि समाप्त भएर पनि विव्यस गठन नगर्ने विद्यालयहरुलाई नगरपालिका कार्यालयबाट दिनुपर्ने सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य नहुने व्यहोरा समेत अनुरोध छ ।

२०७९।४।१६

फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री सूचना तथा प्रविधि शाखा:
पत्र कार्यालयको वेभसाइटमा अपलोड गर्नुहुन ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं. २०७८।०७९ शि.व्य.

चलानी नं २५६

फोन ६६३५११३

Section email : teachermgt.cehrd@gmail.com

मिति: २०७९।०२।०३

विषय: विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

सबै ।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन तथा रेखदेख गर्ने प्रयोजनको लागि गठित विद्यालय व्यवस्थापन समितिको प्रचलित कानुन बमोजिम म्याद समाप्त भइसकेको भए शैक्षिक शत्र शुरु भए पछि प्रचलित कानुनमा उल्लेख भए बमोजिम म्याद भित्र विद्यालय व्यवस्थापन समितिको गठन गर्न आवश्यक सहजीकरण गर्ने व्यवस्थाको लागि निर्देशानुसार अनुरोध छ । म्याद समाप्त भएको र नियमानुसार गठन नभएको विद्यालय व्यवस्थापन समितिबाट हुने निर्णयहरु नियमसंगत नहुने भएकोले तोकिएको म्याद भित्र नै विद्यालय व्यवस्थापन समितिको गठन गर्ने व्यवस्था मिलाइ सो समिति मार्फत आवश्यक कामकारवाही अगाडि बढाउने व्यवस्था हुन समेत अनुरोध छ ।

बोधार्थ:

श्री स्थानीय तह, सबै: आवश्यक सहजीकरण गरिदिनुहुन ।

बसन्तप्रसाद कोइराला

निर्देशक